# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ८ मितिः २०८०/१०/१७

भाग-१

अरुण गाउँपालिका

# अरुण गाउँपालिकाको शिक्षा ऐन (प्रथम संशोधन), २०८०

(गाउँ सभाबाट स्वीकृत मितिः २०८०/१०/१५)

आज्ञाले

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावनाः अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८० लाई समयानुकुल संशोधन गर्न बाञ्छनीय भएकोले, अरुण गाउँपालिकाले यो ऐन बनाइ लागू गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यो ऐनको नाम **अरुण गाउँपालिकाको शिक्षा ऐन(प्रथम संशोधन), २०८०** रहेको छ ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८० को दफा (३) मा संशोधनः

अरुण गाउँपालिकाको शिक्षा ऐन, २०८०(यस पछि मूल ऐन भनिएको) को दफा (३) उपदफा (३) मा **गाउँ शिक्षा समितिको बैठकबाट अनुमति गर्न सिफारिस गर्ने निर्णय भएमा तोकिएको अधिकारीले विद्यालय खोल्ने अनुमति दिनेछ** उल्लेख भएकोमा गाउँ शिक्षा समितिको बैठकबाट अनुमति दिन कक्षा थपका लागि गाउँ कार्यपालिकामा र विद्यालय खोल्न गाउँ कार्यपालिका मार्फत गाउँ सभामा सिफारिस गर्ने निर्णय भएमा र गाउँ कार्यपालिकाले कक्षा थप गर्ने र गाउँ सभाबाट विद्यालय खोल्ने निर्णय भएमा तोकिएको अधिकारीले कक्षा थप गर्ने र विद्यालय खोल्ने अनुमति दिनेछ" भन्ने उल्लेख गरिएको ।

३. मूल ऐनको दफा (३) को उपदफा (४) मा संशोधनः

उपदफा (४)मा **"अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ"** उल्लेख भएकोमा **"अनुमति लिई खोलिएको विद्यालयले तोकिएका सर्त पालन गरेको देखिएमा गाउँ शिक्षा समितिको सिफारिसमा कक्षा थपका लागि गाउँ कार्यपालिका र विद्यालय खोल्न गाउँ कार्यपालिका मार्फत गाउँ सभाबाट विद्यालयलाई स्वीकृति दिने निर्णय भएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ"** भन्ने थप गरिएको।

४. मूल ऐनको उपदफा (६) मा संशोधनः

उपदफा(५) **"बमोजिम जाच बुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय संचालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा पुनः अनुमति तथा**

**स्वीकृति दिनेछ"** उल्लेख भएकोमा उपदफा(५) "**बमोजिम जाच बुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय संचालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिका मार्फत् गाउँ सभाबाट निर्णय भएमा तोकिएको अधिकारीले पुनः अनुमति तथा स्वीकृति दिनेछ** भन्ने थप गरिएको ।

**आज्ञाले**
**मणिराम खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**